# कपिलवस्तु जिल्ला अदालत
## तौलिहवा

☎०७६-५६१०१०
फ्याक्स ०७६-५६०१३१
Email:info.kapilvastu@supremecourt.gov.np

प.सं.:-०७६।०७७
च.नं.:-९८०

मिति २०७६।०५।१३

सूचना सूचना सूचना

**विषयः बालमनोविज्ञ वा बाल बिशेषज्ञ र समाजसेवीको रोष्टर निर्माण सम्बन्धमा ।**

केन्द्रीय बाल न्याय समितिको सचिवालयको मिति २०७६।०४।२७ च.नं. ७ को पत्रानुसार बालमनोविज्ञ वा बाल विशेषज्ञ र समाजसेवीलाई यस अदालतमा सूचिकृत गरी सोको जानकारी केन्द्रीय बाल न्याय समितिको सचिवालयमा पठाउनु पर्ने भएकोले बाल न्याय सम्पादन (कार्यविधि) नियमावली २०७६ को नियम १३ ले समाजसेवी र नियम १४ ले बाल मनोविज्ञ वा बाल विशेषज्ञको रुपमा कार्य गर्न देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस अदालतमा आफ्नो आवश्यक योग्यताका प्रमाणपत्रहरुको प्रतिलीपी र नागरिकताको प्रतिलीपी सहित निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क. बालमनोविज्ञ वा बाल बिशेषज्ञ:-**

- मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्विद्यालयबाट कुनै बिषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तीमा २ (दुई) महिनाको तालिम प्राप्त गरेको, र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

**ख.समाजसोवी:-**

- मान्यता प्राप्त विश्वविद्यालयबाट समाजिक कार्य, बालविकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बिषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बालअधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा १ (एक) महिनाको तालिम प्राप्त गरेको, र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

**निवेदनसाथ अनिवार्यरुपमा पेश गर्नु पर्ने कागजातहरु:-**

- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलीपी,
- नागरिकता प्रमाण पत्रको प्रतिली, र
- आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलीपी ।

E:\F:\OFFICE FILES\प्रशासनका फाइलहरु\बालमनोविज्ञ वा बाल विशेषज्ञ सूचना.doc